# स्थानीय राजपत्र

**रोहिणी गाउँपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ४) रोहिणी, फागुन १० गते, २०७७ साल, अतिरिक्ताङ्क (संख्या ८**


## संशोधन

### भाग–१

### रोहिणी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही

रोहिणी गाउँपालिकाको मिति २०७७/११/०४ को गाउँ सभा बैठकले बनाएको तल उल्लेख भए बमोजिमको आर्थिक ऐन, २०७७ मा संशोधन सम्बन्धी विषय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सभाबाट पारित मितिः२०७७।११।०४

## आर्थिक ऐन २०७७ मा संशोधन

१) रोहिणी गाउँपालिकाको ऐन २०७७ को अनुसूची १० को सि.नं. ३ को ३.२ पछि देहाय बमोजिम ३.३ र ३.४ थप गरिएको।

३.३ नयाँ निजी व्यवसायिक, औद्योगिक सेड, टहरा टिनको छानाको गोदाम प्रति वर्ग फुट रु.२।-

३.४ पुराना निजी, व्यवसायिक, औद्योगिक सेड, टहरा, टिनको छानाको गोदाम प्रति वर्ग फूट रु.१।-

२) रोहिणी गाउँपालिकाको आर्थिक ऐन २०७७ को दफा ११ पछि ११ क थप गरिएको छ।

१. औद्योगिक क्षेत्रको प्रर्वद्धन गर्न र सहजीकरण गर्नको लागि भैरहवा विशेष आर्थिक क्षेत्र भित्र निर्माण भएका तथा अब निर्माण हुने औद्योगिक भवनहरुमा अनुसूची १० क मा उल्लेख भए अनुसारको दस्तुर लिई नक्सा पास नियमित गरी दिने।

दफा ११ क

भैरहवा विशेष आर्थिक क्षेत्र भित्रको नक्सा पास दस्तुर

२. पुरानो नक्सा नियमित गर्दा तथा नयाँ नक्सा पास गर्दा भैरहवा विशेष बर्थिक क्षेत्रको सिफारिश पत्र र लिजमा लिएको सम्झौता पत्र जग्गा धनि प्रमाण पत्र संलग्न राखी भैरहवा विशेष आर्थिक क्षेत्रको जग्गाको प्लट नं .......... र क्षेत्रफल.......... भित्र निर्माण हुन लागेको वा निर्माण

भएको । ........ उद्योग को नाममा निर्मित भवन नक्सा पास प्रमाण पत्र उपलब्ध गराउने।

रोहिणी गाउँपालिकाको आर्थिक ऐन, २०७७ को अनुसूची १० पछि देहायको अनुसूची १० क थप गरियो।

## अनुसूची १० क

| सि.नं | घरको बनावट | घरको दर प्रति फूट रु |
|---|---|---|
| १. | आर.सि.सि ढलान बनावट नयाँ | रु.३ |
| २. | सेट, टहरा, गोदाम | रु.१ |
| | **पुराना** | |
| १. | आर.सि.सि. ढलान बनावट | रु.१.५ |
| २. | सेट, टहरा, गोदाम (टिनको छाना) | रु.०.५० |

- नक्सा पास निवेदन रु ५००
- रेखाङ्कन शुल्क प्रति प्लट रु १०००

प्रमाणिकरण मितिः २०७७।११।१०

आज्ञाले
रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत